# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, साउन १६ गते २०३२ साल [संख्या १७


श्री ५ को सरकार

## जल तथा विद्युत् मन्त्रालयको

## सूचना

### सुर्खेत जल विद्युत् विकास समिति (गठन) आदेश, २०३२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "सुर्खेत जल विद्युत् विकास समिति (गठन) आदेश, २०३२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत सुर्खेत जल विद्युत् विकास समिति परियोजनालाई जनाउँछ ।

३. समितिको गठनः–(१) सुर्खेत जल विद्युत् विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायबमोजिम अध्यक्ष र सदस्यहरू रहनेछन् –

(क) चीफ ईञ्जिनीयर, विद्युत् विभाग – अध्यक्ष

(ख) प्रमुख सुदूर पश्चिमाञ्चल शाखा विद्युत् विभाग – सदस्य

(ग) प्रमुख योजना शाखा जल तथा विद्युत् मन्त्रालय– सदस्य

(घ) प्रतिनिधि (उप-सचिव स्तर) अर्थ मन्त्रालय– सदस्य

(ङ) परियोजना प्रमुख, सुर्खेत सानो जल विद्युत् परियोजना-सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठहराएमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूको संख्यामा थपघट वा नाममा हेरफेर गर्न सक्नेछ।

(४) अध्यक्ष र सदस्य-सचिवको साथै अरू कुनै दुईजना सदस्यहरू उपस्थित भए समितिको गणपूरक संख्या पूरा भएको मानिनेछ।

(५) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिनेछ।

४. समितिको काम, कर्तव्य र अधिकारः– (१) परियोजना कार्यान्वित गर्नु समितिको कर्तव्य हुनेछ।

(२) उप-दफा (१) बमोजिमको कर्तव्य पालनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछ –

(क) स्वीकृत परियोजनाको निर्माण कार्य सञ्चालन गर्ने,

(ख) लोक सेवा आयोगबाट स्वीकृत सिद्धान्त र तरीकाअनुसार आवश्यक कर्मचारी नियुक्ति गर्ने,

(ग) कर्मचारीहरूलाई दिने पारिश्रमिक, भत्ता तथा सुविधा तोक्ने,

(घ) परियोजनाको सर्वेक्षण, रूपाङ्कन (डिजाइन) र लगत तयार गर्ने,

(ङ) परियोजनाको लागि आवश्यक मालसामान उपलब्ध गर्न टेन्डर आह्वान गर्ने, करारनामा जाँच्ने वा सदर गर्ने,

(च) परियोजनाको निर्माण सञ्चालन वा कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने र ती कार्यहरूको निरिक्षण गर्ने,

(छ) बजेट तयार गर्ने,

(ज) परियोजनाको लागि आवश्यक अन्य कार्यहरू गर्ने।

५. समितिको कोष र आर्थिक कारोबारः– (१) समितिको कोषमा देहायका रकमहरू रहने छन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिने छः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) समितिले अरू कुनै श्रोतबाट प्राप्त गरेको रकम।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।